# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, असोज २० गते, २०७७ साल (संख्या १८


# भाग ३

## प्रदेश सरकार

## प्रदेश सभा सचिवालयको सूचना

नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाबाट तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतबाट मिति २०७७।०६।२० गते "राप्ती उपत्यका (देउखुरी)" लाई प्रदेश नं. ५ को राजधानी पारित गरिएको र नेपालको संविधानको धारा २९५ को उपधारा २ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतबाट मिति २०७७।०६।२० गते प्रदेश सभाबाट प्रदेश नं. ५ को नाम "लुम्बिनी" प्रदेश नामाकरण पारित भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आज्ञाले,**

**दुर्लभ कुमार पुन मगर**

**प्रदेश सभा सचिव**


प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय